"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## आ.व. २०८२।०८३ को लागि जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर (प्रचलित कानूनले निषेधित गरेका बाहेक) सम्बन्धी दरभाउपत्र पेस गर्ने आह्वानको सूचना ।

**(दोस्रो पटक प्रकाशित मिति :- २०८२।०७।२० गते)**

खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२।०६।०९ गतेको निर्णयानुसार यस नगरपालिकाको आन्तरिक आय सङ्कलन गर्न खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम दरभाउपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८२।०८३ का लागि यस नगरपालिका क्षेत्राधिकार अन्तर्गतका जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर (प्रचलित कानूनले निषेधित गरेका बाहेक) सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी पुन: दोस्रो पटक ७ (सात) दिनका लागि दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि खाँदबारी नगरपालिका कार्यालय, खाँदबारीको सूचना पाटी, वेबसाईट -:www.khandbarimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र राजस्व उपशाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल:-**

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | बढाबढका लागि न्यूनतम बार्षिक ठेक्का अङ्क रु. | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | KMO-HSA-01-2082/083 | जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर (प्रचलित कानूनले निषेधित गरेका बाहेक) | ३,००,०००।- (अक्षरेपीः- तीन लाख मात्र) | १,०००।- (अक्षरेपीःएक हजार) मात्र | ठेक्का सम्झौता भएको मितिबाट दामासाहीले ठेक्का अङ्क कायम हुने । |

प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :-**

१. स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि कर तथा यस कार्यालयमामा दर्ता भई नविकरण भएका फर्म, कम्पनी, संस्थाहरुले दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।–(अक्षरेपी एक हजार मात्रा) यस नगरपालिकाको राजस्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिनको ठिक ४:०० बजे भित्र खरिद गरिसक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिन खरिद गरी ८ औं दिनको १२:०० बजेभित्र पेस गरिसक्नुपर्नेछ र रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार नगरपालिका कार्यालयमा निहित हुनेछ ।

३. दरभाउपत्र दाखिला गर्न दरभाउपत्रदाताहरुले कबोल रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम नगदै वा चेक भए यस कार्यालयको नाममा खाँदबारी नगरपालिका स्थित राष्ट्रिय बाणिज्य बैङ्क लि., खाँदबारी शाखामा रहेको धरौटी खाता नम्बर २०८०१००३०३०००००२ मा जम्मा गरी भौचर पेस गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय

"समृद्ध खाँदबारी नगर"
**खाँदवारी नगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल ।

संस्थाबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेस गर्ने अन्तिम मिति देखि १२० (एक सय विस) दिन मान्य अवधि भएको बैङ्क जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नु पर्नेछ ।

४. दरभाउपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ । कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्वन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क बराबरको नगद वा चेकबाट एकमुष्ट रकम बुझाउनुपर्नेछ । ठेक्का सम्झौता अवधिका सम्बन्धमा ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल असाढ मसान्तसम्म कायम हुनेछ । सम्झौता अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन, विचैमा ठेकेदारले सम्झौता तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर सङ्कलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन कार्यालय बाध्य हुने छैन।

७. ठेकेदारले जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर सङ्कलन गर्ने स्थानहरुमा जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी करको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर (प्रचलित कानूनले निषेधित गरेका बाहेक) शुल्क खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट अनुसार व्यवसायिक कारोबार बापत मात्र शुल्क उठाउन पाईनेछ ।

८. जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी करसम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाईएको पाईएमा प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

९. जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर बापत प्रयोग भएका रसिदहरु प्रत्येक चौमासिक अवधिमा कार्यालयमा अनिवार्य रुपमा दाखिला गर्नुपर्नेछ ।

१०. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

११. कवाडी बापतको कर निकासी विन्दुको साथै नगर क्षेत्रभित्र समेत संकलन गर्न सकिनेछ र जडीबुटी, जीवजन्तु सङ्कलन तथा निकासी कर पालिकाको क्षेत्राधिकार भित्रबाट निकासी भएको बखत मात्र सङ्कलन तथा निकासी गर्न पाईनेछ ।

१२. यो दरभाउपत्र खाँदबारी नगरपालिकाको राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

१३. जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर (प्रचलित कानूनले निषेधित गरेका बाहेक) शुल्क खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट यस प्रकार रहेको छ ।

अनुसूची ५

## जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर (प्रचलित कानूनले निषेधित गरेका बाहेक)

क) जडीबुटी, कवाडी, जीवजन्तु सङ्कलन तथा निकासी कर उठाउन पाईने शिर्षक र दररेट :

| सि.नं. | जडीबुटी कर विवरणहरु | इकाई | रु. |
|---|---|---|---|
| १. | ऊन | प्रति के.जि. | ५.०० |
| २. | खोटो | प्रति के.जि. | ७.०० |

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३. | जडीवुटी | प्रति के.जि. | २०.०० |
| ४. | वनकस खर | प्रति भारी | ५.०० |
| ५. | चिराइतो | प्रति के.जि. | ८.०० |
| ६. | रिठ्ठा | प्रति के.जि. | ४.०० |
| ७. | पांग्रा | प्रति के.जि. | ४.०० |
| ८. | सिन्कौली दालचिनी | प्रति के.जि. | ३.०० |
| ९. | चावो | प्रति के.जि. | २.०० |
| १०. | जटामसी | प्रति के.जि. | ३.०० |
| ११. | मजिटो | प्रति के.जि. | ३.०० |
| १२. | लब्सी विया | प्रति के.जि. | १.०० |
| १३. | चिउरीको विया | प्रति के.जि. | १.५० |
| १४. | बेल | प्रति के.जि. | ३.०० |
| १५. | ओखर | प्रति के.जि. | २.०० |
| १६. | लाहा | प्रति के.जि. | १.०० |
| १७. | कुरिलोको जरा | प्रति के.जि. | १.०० |
| १८. | बोझो | प्रति के.जि. | २.०० |
| १९. | तितेपाती | प्रति के.जि. | ३.०० |
| २०. | अमला | प्रति के.जि. | १.०० |
| २१. | च्याउ | प्रति के.जि. | २.०० |
| २२. | पदमचाल | प्रति के.जि. | ७.०० |

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

| | | | |
|---|---|---|---|
| २३. | टिमुर | प्रति के.जि. | ५.०० |
| २४. | बाँस | प्रति ट्रयाक्टर | २००.०० |
| २५. | खर, बावियो, पराल, | प्रति ट्रयाक्टर | १००.०० |
| २६. | खर, बावियो, पराल, | प्रति ट्रक | ३००.०० |
| २७. | निगालो, लोक्ता, अम्लिसो कुचो | प्रति ट्रक | १०००.०० |
| २८. | तेज पत्ता | प्रति के.जि. | १.०० |
| ख | जीवजन्तु कर अन्तर स्थानीय तह निकासी (घरपालुवा, खेति तथा कृषि प्रयोजन मात्र) | | |
| १. | राँगा | प्रतिगोटा | २००.०० |
| २. | भैंसी | प्रतिगोटा | २००.०० |
| ३. | गाई | प्रतिगोटा | २००.०० |
| ४. | गोरु | प्रतिगोटा | २००.०० |
| ५. | खसी | प्रतिगोटा | ५०.०० |
| ६. | बोका | प्रतिगोटा | ५०.०० |
| ७. | बाख्रा | प्रतिगोटा | ५०.०० |
| ८. | भेडा | प्रतिगोटा | ५०.०० |
| ९. | च्याङ्ग्रा आदी | प्रतिगोटा | ५०.०० |
| १०. | सुँगुर | प्रतिगोटा | ५०.०० |
| ११. | बदेल आदी | प्रतिगोटा | ५०.०० |
| १२. | हाँस कुखुरा ब्रोइलर कालिज टर्की आदी | प्रतिगोटा | ५०.०० |

प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

| ग | प्रचलित कानुनले निषेधित गरे बाहेकका पशु तथा पंक्षीहरुको प्वाँखमा लगाईने कर | | |
|---|---|---|---|
| १. | प्रचलित कानुनले निषेधित गरे बाहेकका पंक्षीहरुको प्वाँखमा लगाईने कर | प्रति के.जि. | २५.०० |
| २. | प्रचलित कानुनले निषेधित गरे बाहेकका हाड | प्रति के.जि. | १.०० |
| ३. | प्रचलित कानुनले निषेधित गरे बाहेकका सिङ | प्रति के.जि. | १.०० |
| ४. | प्रचलित कानुनले निषेधित गरे बाहेकका खुर | प्रति के.जि. | १.०० |
| ५. | प्रचलित कानुनले निषेधित गरे बाहेकका छाला ठुलो | प्रति गोटा | २५.०० |
| ६. | प्रचलित कानुनले निषेधित गरे बाहेकका छाला सानो | प्रति गोटा. | १५.०० |
| घ | पुनः (Re Cycling) प्रशोधन गरी पुनः प्रयोग हुन सक्ने देहाय बमोजिमको कवाडी मालसामानमा उठाईने कर | | |
| १. | झिञ्जु प्राकृतिक र कृत्रिम उनका टुक्रा | प्रति के.जी. | २.०० |
| २. | गार्मेन्टका कपडाका टुक्रा | प्रति के.जी. | २.०० |
| ३. | जलेको मोविल | प्रति के.जी. | २.०० |
| ४. | जुट र प्लाष्टिकको बोरा | प्रति के.जी. | २.०० |
| ५. | कार्पेटका टुक्रा | प्रति के.जी. | २.०० |
| ६. | टायर, ट्यूव पुरानो | प्रति के.जी. | २.०० |
| ७. | थोत्रो टिन | प्रति के.जी. | १.०० |
| ८. | पुरानो ड्रम | प्रति के.जी. | २.०० |
| ९. | पुरानो कागज पत्रपत्रिका | प्रति के.जी. | १.०० |
| १०. | अन्य कागज कार्टुन समेत | प्रति के.जी. | १.०० |
| ११. | धातुका टुक्राहरु र पत्रु भइ काम नलाग्ने भएका धातुका सामानहरु | प्रति के.जी. | २.०० |
| १२. | फलाम | प्रति के.जी. | १.०० |
| १३. | अन्य धातु पित्तल तामा आदी | प्रति के.जी. | २.०० |



पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १४. | थोत्रिएर काम नलाग्ने मेशिनरी औजारका पार्टपुर्जाहरु | प्रति के.जी. | २.०० |
| १५. | पोलिथिन पाईपका टुक्राहरु | प्रति के.जी. | २.०० |
| १६. | शिसा लिडहरुको धुलो वा टुक्राहरु | प्रति के.जी. | २.०० |
| १७. | काँचको धुलो टुक्रा | प्रति के.जी. | २.०० |
| १८. | ग्याँसचुलो वा पार्टपुर्जा | प्रति के.जी. | २.०० |
| १९. | काम नलाग्ने काठका टुक्रा टुक्री | प्रति के.जी. | २.०० |
| २०. | १० लिटर भन्दा बढी वा कम अट्ने ठुलो तेलको टिन | प्रति गोटा | ०.२५ |
| २१. | यसमा उल्लेख नभएका वस्तुहरुको हकमा | प्रति गोटा | २.०० |
| **ङ** | **स्वदेशमा स्थापना भएका उद्योगहरु जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (Re-Use) गर्ने देहाय वमोजिमको वस्तुमा उत्पादन स्थल/सङ्कलन केन्द्र/निकाशी स्थलमा उठाइने करको दर** | | |
| १. | खाली सिसी वियरको वोतल, मदिरा र अन्य ५०० एम.एल भन्दा तल वा माथि, प्लाष्टिक बोतल, भाँडाकुँडा, पुराना जुत्ता चप्पल, ग्यालेन र जर्किन | प्रति गोटा | ०.२५ |
| **च** | **खाली बोरा** | | |
| १. | ५० के.जी.देखि १०० के.जी. सम्मको खाद्यान्न अट्ने जुटको वोरा, ५० के.जी. सम्मको खाद्यान्न अट्ने प्लाष्टिकको वोरा | प्रति गोटा | ०.२५ |

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत